# नेपाल राष्ट्र बैंक

## मुद्रा व्यवस्थापन विभाग

## थापाथलीको

## रुपैयाँ २० दरको नोट चलनचल्तीमा ल्याउने बारेको

## सूचना

यस बैंकले रुपैयाँ २० दरको साविककै आकार तथा रंगमा तर साविक जनावरको चित्रको सट्टामा बाह्रसिंङ्गेको चित्र रहेको, सङ्केत नं. ज/१६ ००००0१ देखि ञ/४० ९९९९९९ सम्म, "नेपाल सरकारको जमानत प्राप्त यसको रुपैंयाँ भुक्तानी माग्न आएमा नेपाल राष्ट्र बैंकबाट रुपैंयाँ २० रुपैयाँ बिस तुरुन्त पाइने छ ।" भन्ने प्रतिज्ञामूलक वाक्यांश सहित देहाय बमोजिमका विशेषताहरु भएको नोट यही २०७३ साल पुस महिना १ गते देखि चलनचल्तीमा ल्याउने हुँदा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नोटको अग्र भागमा** :-

१. नोटको बायाँतर्फ सगरमाथाको चित्र रहेको ।

२. नोटको दायाँतर्फ लालीगुराँसको पानीछाप रहेको ।

३. नोटको तल्लो भागमा गभर्नर डा. चिरंजीबि नेपालको दस्तखत रहेको ।

४. नोटको तल्लो भागको बोर्डरमा नोटको Series Number नेपालीमा वि.सं. २०७२ लेखिएको ।

**नोटको पृष्ठ भागमा** :-

१. नोटको मध्य भागमा अंग्रेजीमा NEPAL RASTRA BANK लेखिएको ।

२. नोटको मध्य भागमा बाह्रसिंङ्गेको चित्र रहेको ।

३. नोटको तल्लो भागको बोर्डरमा अंग्रेजीमा RUPEES TWENTY लेखिएको ।

४. नोटको तल्लो भागको बोर्डरमा नोटको Series Number अंग्रेजीमा 2016 A.D. लेखिएको ।